**कार्यपालिका बैठक संख्या नं. ४४** **स्थानः नगरपालिका भवन** **मिति २०८१/११/२६ गते**

**समयः दिउँसो १:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धमा।
३. प्रदेशस्तरका कार्यालयमा आयोजना तथा कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धमा।
४. कर्मचारी पदस्थापन सम्बन्धमा।
५. अस्पताल नर्सिङ्ग अधिकृत अनुलक्ष्मी थापाको पदस्थापन सम्बन्धमा।
६. वेतलबी विदा स्वीकृत सम्बन्धमा।
७. राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगितामा पदक विजेता खेलाडीलाई धन्यवाद दिने सम्बन्धमा।
८. द सिटि अफ यूलिस, अमेरिकाको निमन्त्रणा सम्बन्धमा।
९. सार्वजनिक सुनुवाई सम्बन्धमा।
१०. योजना माग सम्बन्धमा।
११. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र (EOI) आव्हानको लागि प्रकाशन गरेको मिति २०८१ फाल्गुन १५ गतेको सूचना बमोजिम तपसीलको प्रतिवद्धता सहित आवेदन गर्ने निर्णय गरियो।

(क) यस शारदा नगरपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न इच्छुक तथा प्रतिवद्ध छ।

(ख) यस शारदा नगरपालिका स्थानीय पूर्वाधार विकासका लागि नवीनतम् र सुधारिएका तरिका, साधन र विधि अवलम्बन गर्न इच्छुक तथा प्रतिवद्ध छ।

(ग) यस शारदा नगरपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्न इच्छुक तथा प्रतिवद्ध छ।

(घ) यस शारदा नगरपालिका वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहलगानीको हिस्सा विनियोजन गर्न प्रतिवद्ध छ।

(ङ) यस शारदा नगरपालिका पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी पालिकाले तयार गरी लागू गरेको निर्देशिका तथा कार्यविधि परिमार्जन तथा अनुमोदन गर्न प्रतिवद्ध छ।

(च) यस नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना

**निर्णय नं. ३**

कर्णाली प्रदेश सरकारका मातहतका जिल्लास्थित कार्यालयहरूबाट योजना तथा कार्यक्रम माग गरी विभिन्न मितिमा प्रकाशित सूचना अनुसार तपसीलका योजना तथा कार्यक्रम निर्धारित ढाँचा बमोजिम तोकिएको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

| सि. न. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | पेश गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | बरला देखि माल्नेटा सम्म कालोपत्रे सडक निर्माण | शारदा नगरपालिका- ६, १४ र १५ | पूर्वाधार विकास कार्यालय, सल्यान | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ फाल्गुन २६ गते**

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

| | | | | |
|---|---|---|---|---|
| २ | साहुटोल देखि बरलासम्म जाने सडक स्तरोन्नती | शारदा नगरपालिका- ३ र २ | पूर्वाधार विकास कार्यालय, सल्यान | |
| ३ | शा. न. पा.- १४ बाङ्गे रह र सिद्धकुमाख-१ जोड्ने शारदा नदी माथि मोटरेवल पुल निर्माण | शारदा नगरपालिका र सिद्ध कुमाख गा. पा. | पूर्वाधार विकास कार्यालय, सल्यान | |
| ४ | गतेखोला ठूलो सिंचाई कुलो निर्माण | शारदा नगरपालिका- ७ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ५ | भानुभक्त चौर देख पेदीसम्म सिंचाई कुलो निर्माण | शारदा नगरपालिका-३ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ६ | भगवती खोला खानेपानी आयोजना | शारदा नगरपालिका-१ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ७ | दारिमचौर खानेपानी आयोजना | शारदा नगरपालिका-१ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ८ | चैबाङ्ग र चैबाङ्गज्यूला खानेपानी आयोजना | शारदा नगरपालिका-१ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ९ | कजेरी खानेपानी आयोजना | शारदा नगरपालिका-७ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| १० | प्राङ्गारिक कृषि विकास कार्यक्रम | शारदा नगरपालिका | कृषि विकास कार्यालय, सल्यान | |
| ११ | ठूला ज्यूला सिंचाई कुलो निर्माण | शारदा नगरपालिका-१५ | कृषि विकास कार्यालय, सल्यान | |
| १२ | हलहले डाँडामा प्राकृतिक पार्क निर्माण | शारदा नगरपालिका-७ | डिभिजन वन कार्यालय, सल्यान | |
| १३ | शिमेभूमे प्राकृतिक पार्क तथा मन्दिर निर्माण | शारदा नगरपालिका-१३ | डिभिजन वन कार्यालय, सल्यान | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १४ | उन्नत घाँसको नर्सरी स्थापना | शारदा नगरपालिका | पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान | |
| १५ | एक वडा एक पशु सेवा प्राविधिक व्यवस्थापन | शारदा नगरपालिका | पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान | |
| १६ | भैंसी पकेट | शारदा नगरपालिका-१ | पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान | |
| १७ | भुवनेश्वरी माध्यमिक विद्यालय, सुनचौरको भवन निर्माण | शारदा नगरपालिका-९ | सामाजिक विकास कार्यालय, सल्यान | |
| १८ | डाँडागाउँ स्वास्थ्य चौकी भवन निर्माण | शारदा नगरपालिका-१५ | सामाजिक विकास कार्यालय, सल्यान | |

**निर्णय नं. ४**

मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको च. न. २१४५ मिति २०८१/११/१८ गतेको काज सरुवा पत्र तथा शुभकालिका गाउँपालिका, कालीकोटको च. न. ९३५ मिति २०८१/११/२२ गतेको रमाना पत्रानुसार यस शारदा नगरपालिकामा सरुवा भई आउनु भएका स्थानीय कृषि सेवा, एकीकृत समूहका कृषि अधिकृत (सातौं) श्री कविराज ज्ञवालीलाई यस नगरपालिकाको कृषि विकास शाखामा रिक्त रहेको कृषि अधिकृत सातौं तहमा पदस्थापन गरी शाखा प्रमुखको जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं. ५**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ को दफा १३६ मा उल्लेख भए बमोजिम कर्मचारी पदस्थापना सम्बन्धी विशेष व्यवस्था अनुसार अन्यत्र स्थानीय तहबाट यस नगर कार्यपालिकाको कार्यालयमा कामकाजका लागि खटी आएका तपसीलका स्वास्थ्य सेवाको कर्मचारीलाई पदस्थापनाका लागि कर्णाली प्रदेश सरकार, मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिश गर्ने निर्णय गरियो।

तपसीलः

| क्र.स. | नाम थर | पद | तह | साविकको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनुलक्ष्मी थापा (२०७९१५) | अस्पताल नर्सिङ्ग निरीक्षक | अधिकृत छैठौं | बागचौर नगरपालिका | २०८१ बैशाख |

**निर्णय नं. ६**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ८२ उपनियम २ बमोजिम पेश हुन आएको यस शारदा नगरपालिका पशु सेवा शाखामा कार्यरत कुष्मा के सी को वेतलबी प्रसुती विदा मिति २०८१ फाल्गुन ४ गते देखि लागू हुने गरी बढीमा ६ महिनासम्म हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक मिति २०८१ फाल्गुन २६ गते

**निर्णय नं. ७**

कुमाख गाउँपालिकाको रुमालगाउँमा मिति २०८१ फागुन १५ देखि १९ गतेसम्म सञ्चालित १५औं राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगितामा १५ स्वर्ण, ७ रजत र ५ कास्य सहित कुल २७ पदक प्राप्त गरी यस नगरपालिकालाई जिल्लामा नै प्रथम स्थान दिलाउन सफल हुनु भएकोमा विजेता खेलाडीहरुलाई हार्दिक बधाई दिनुका साथै प्रथम स्थान हासिल गर्न योगदान पुऱ्याउनु हुने सम्पूर्ण खेलाडी, खेल प्रशिक्षक, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. ८**

संयुक्त राज्य अमेरकाको THE CITY OF EULESS, TEXAS का उपप्रमुख श्री टिका पौडेलले १ मार्च २०२५ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्बोधन गरी स्थानीय सुशासन, पर्यटन र विकास सम्बन्धी अनुभव तथा सहयोग आदान प्रदान गर्ने उद्देश्य राखी यस नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीलाई निमन्त्रणा गर्नु भएको र नगर प्रमुखज्यूको सम्पूर्ण यातायात तथा बसोबास खर्चमा संघीय सरकार, प्रदेश सरकार तथा शारदा नगरपालिकालाई आर्थिक भार नपर्ने गरी THE CITY OF EULESS, TEXAS ले नै व्योहोर्ने भनी उल्लेख भएको र सो भ्रमणबाट यस शारदा नगरपालिकाको विकास, सम्वृद्धि र सुशासन प्रवर्धनलाई टेवा समेत पुग्ने देखिएकोले नगर प्रमुख श्री प्रकाश भण्डारीलाई २०८२/०१/१५ गते देखि लागु हुने गरी प्रचलित कानून बमोजिम नेपाल सरकारबाट भ्रमण सहमति एवं भ्रमणका लागि आवश्यक Passport, Visa र अन्य आवश्यक कागजात निर्माणमा समन्वय र सहजीकरण गरिदिन हुन भनी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

आ. व. २०८१/८२ को दोस्रो चौमासिक अवधि (मंसिर देखि फाल्गुनसम्म) को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८० चैत्र २८ गते (पालिकास्तरीय) वार्ड नं ७ कजेरी स्वास्थ्य चौकी भवनमा र २९ गते (वडास्तरीय) वडा नं ९ को वडा भवनमा गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

शारदा नगरपालिका वडा नं.१३ अन्तर्गत रहेको स्वास्थ्य चौकी स्यानिखालको (बर्थिङ्ग सेन्टर समेत रहेको) भवन अत्यन्तै जिर्ण अवस्थामा रहि कार्य सम्पादन गर्न समेत जोखिम अवस्थामा रहेकोले उक्त संस्थाको भवन निर्माणका लागि आवश्यक पर्ने रकम विनियोजनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस नगर कार्यपालिकाले खरिद गरेको टिप्परको लागि आवश्यक सवारी चालक एक (१) को विज्ञापन गरी भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ फाल्गुन २६ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. ३**

कर्णाली प्रदेश सरकारका मातहतका जिल्लास्थित कार्यालयहरूबाट योजना तथा कार्यक्रम माग गरी विभिन्न मितिमा प्रकाशित सूचना अनुसार तपसीलका योजना तथा कार्यक्रम निर्धारित ढाँचा बमोजिम तोकिएको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

| सि. न. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | पेश गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | बरला देखि माल्नेटा सम्म कालोपत्रे सडक निर्माण | शारदा नगरपालिका- ६, १४ र १५ | पूर्वाधार विकास कार्यालय, सल्यान | |
| २ | साहुटोल देखि बरलासम्म जाने सडक स्तरोन्नती | शारदा नगरपालिका- ३ र २ | पूर्वाधार विकास कार्यालय, सल्यान | |
| ३ | शा. न. पा.- १४ बाङ्गे रह र सिद्धकुमाख-१ जोड्ने शारदा नदी माथि मोटरेवल पुल निर्माण | शारदा नगरपालिका र सिद्ध कुमाख गा. पा. | पूर्वाधार विकास कार्यालय, सल्यान | |
| ४ | गतेखोला ठूलो सिंचाई कुलो निर्माण | शारदा नगरपालिका- ७ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ५ | भानुभक्त चौर देख पेदीसम्म सिंचाई कुलो निर्माण | शारदा नगरपालिका-३ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ६ | भगवती खोला खानेपानी आयोजना | शारदा नगरपालिका-१ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ७ | दारिमचौर खानेपानी आयोजना | शारदा नगरपालिका-१ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ८ | चैबाङ्ग र चैबाङ्गज्यूला खानेपानी आयोजना | शारदा नगरपालिका-१ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| ९ | कजेरी खानेपानी आयोजना | शारदा नगरपालिका-७ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, सल्यान | |
| १० | प्राङ्गारिक कृषि विकास कार्यक्रम | शारदा नगरपालिका | कृषि विकास कार्यालय, सल्यान | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ फाल्गुन २६ गते**

| | | | | |
|---|---|---|---|---|
| ११ | ठूला ज्यूला सिंचाई कुलो निर्माण | शारदा नगरपालिका-१५ | कृषि विकास कार्यालय, सल्यान | |
| १२ | हलहले डाँडामा प्राकृतिक पार्क निर्माण | शारदा नगरपालिका-७ | डिभिजन वन कार्यालय, सल्यान | |
| १३ | शिमेभूमे प्राकृतिक पार्क तथा मन्दिर निर्माण | शारदा नगरपालिका-१३ | डिभिजन वन कार्यालय, सल्यान | |
| १४ | उन्नत घाँसको नर्सरी स्थापना | शारदा नगरपालिका | पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान | |
| १५ | एक वडा एक पशु सेवा प्राविधिक व्यवस्थापन | शारदा नगरपालिका | पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान | |
| १६ | भैंसी पकेट | शारदा नगरपालिका-१ | पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान | |
| १७ | भुवनेश्वरी माध्यमिक विद्यालय, सुनचौरको भवन निर्माण | शारदा नगरपालिका-९ | सामाजिक विकास मन्त्रालय, सल्यान | |
| १८ | डाँडागाउँ स्वास्थ्य चौकी भवन निर्माण | शारदा नगरपालिका-१५ | सामाजिक विकास मन्त्रालय, सल्यान | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत